५. शिलबन्दी बोलपत्र दाखिला गदा कुनै किसिमको शर्त मान्य हुन छन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

६. बोलपत्र दाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको रा.वा.बैक गौर स्थित १२१०३०३००७११८ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर, नगद वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) वजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरू र बोलपत्र दाताका प्रतिनिधिहरूको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

८. बोलपत्र स्वीकृत भई सकेपछि सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैक बाट मान्यता प्राप्त बैकको कम्तीमा २०७७ अषाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्ने छ । बोलपत्र दाताले कबोल गरेको रकम एकमुष्ठ बुझाई सम्झौता गरेमा १०% सहुलियत स्वरूप छुट दिइनेछ ।

९. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेक्दार स्वंयमले व्यहोर्नु पर्नेछ । यस कार्यालयमा ठेक्का रकम दाखिला गर्दा संगै आग्रिम आय कर तथा मुल्य अभिवृद्धि कर अनिर्वाय रुपमा ठेकेदारले बुझाउनु पर्ने छ ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सम्झौता भई सके पछि मानव सृजित बन्द, हडताल, चक्का जाम , विषाधी प्रयोग भई माछा मरेमा जस्ता अवस्थाले यस वापत कुनै माफि मिन्हा समेत दावी गर्न पाईने छैन र त्यसको कुनै माफि मिन्हा दिइने छैन ।

११. ठेक्का स्विकृत भएको मितिले ७ दिन भित्र नियमानुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ अन्यथा ठेक्का रद्ध गरि प्रचलित नियमानुसार हुनेछ ।

१२. पशु, चौपाया ठेक्काको हकमा ठेक्का भोग चलन गर्दा यस कार्यालयले तोके बमोजीम ढाचाँको रसिद ठेक्दार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१४. ठेक्का सम्बन्धी कार्यालय तथा ठेक्कदार विच कुनै विवाद उत्पन्न भएमा राजदेवी नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै राजदेवी नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तव्य हुनेछ ।

१६. यसमा उल्लेखीत शर्तहरू यसै बमोजीम उल्लेखित नभएको व्यहोराको हकमा सार्वजनिक खरिद नियमावली (छेठौ संसोधन) २०७५ का साथै अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत